# दमक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## दमक, झापा
## १ नं. प्रदेश, नेपाल

प.सं. ०७८ / ०७९ खरिद तथा सम्पत्ति व्यवस्थापन शाखा
च.नं. ४६१६

## सवारीसाधन लिलाम बिक्रि सम्वन्धि संशोधित बोलपत्र आव्हान

**प्रकाशित मिति २०७८।११।०३**

यस दमक नगर कार्यपालिकाको कार्यालयमा रहेका देहायका सवारीसाधनहरू जे जस्तो अवस्थामा रहेका छन सोही अवस्थामा लिलाम विक्रि गर्नुपर्ने भएकोले आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम मिति २०७८।११।०३ को निर्णयानुसार लिलाममा लिन ईच्छुक व्यक्ति,सप्लायर्स, वा फर्मले देहायका शर्त वन्देजमा रही संशोधित बोलपत्र आब्हान गरिएको छ।

तपशिल

| क्र.सं. | सवारीसाधनको विवरण | परिमाण | मालसामानको न्यूनतम मुल्य | दर्ता नामसारी हुने / नहुने | बोलपत्र फाराम दस्तुर | वोलपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान |
|---|---|---|---|---|---|---|
| १. | ट्रेक्टर मे १ त २२६० | १ थान | ८६,३९७।६० | हुने । | १,०००।०० (एक हजार ) | २०७८।११।१५ गते दिनको १२.०० वजे भित्र दमक नगर कार्यपालिकाको कार्यालय । |
| २. | ट्रेक्टर मे १ द २४ | १ थान | ५,८५,५०२।७० | | | |
| ३. | हाइड्रोलिक मिनिट्रक | १ थान | १,६१,८५४।३५ | नहुने । | | |
| ४. | मोटरसाइकल | २ थान | ६,७५५।४० | | | |
| | कुल जम्मा : | | ८,४०,५११।०० | | | |

**शर्त वन्देजहरू :**

१. बोलपत्र फाराम रू. १,०००।०० (एक हजार ) पछि फिर्ता नहुने गरी नगरपालिकाको राजश्व शाखामा बुझाई खरिद गर्न सकिने छ।

२. पर्न आएका वोलपत्रहरू दर्ता हुने मितिको अन्तिम दिन दिनको २.०० वजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ। वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि वोलपत्र खोल्न वाधा पर्ने छैन।

३. वोलपत्र साथ आफूले कवोल गरेको अंकको १० प्रतिशत धरौटी वापत यस कार्यालयको रा.वा. वैक दमक स्थित धरौटी हि.नं. २१४०१००३०३०००००२ मा रकम जम्मा गरेको सक्कलै बैक भौचर वा नेपाल राष्ट्र बैकवाट मान्यता प्राप्त वाणिज्य बैकवाट कम्तिमा १२० दिन म्याद भएको वैक जमानत पत्र साथ पेश गर्नु पर्नेछ।

४. वोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आशिंक स्वीकृत गर्ने सर्वाधिकार दमक नगरपालिकामा निहीत रहनेछ।

५. लिलाम विक्रिमा लिने सवारीसाधन हेर्न चाहेमा कार्यालयको तर्फवाट हेर्ने व्यवस्था मिलाइनेछ।

६. यसमा उल्लेख नभएका कुराहरू प्रचलित ऐन नियम अनुसार हुनेछ।

७. बोलपत्र स्वीकृत भएपछि सम्पूर्ण कवोल रकम नगरपालिकामा जम्मा गरेपछि मात्र नियमानुसार नामसारी दर्ता लगायतको प्रकृया हुनेछ।

८. लिलाम सकार गरिएको मालसामान नियमानुसार दर्ता गर्दा, उठाउदा लाग्ने अन्य कर दस्तुर बोलपत्रदाता स्वंमले व्यहोर्नु पर्नेछ।

९. यस सम्वन्धि अन्य विस्तृत जानकारी आवश्यक परेमा कार्यालय समयमा सम्पर्क राखि जानकारी लिन सकिनेछ।

बोधार्थ :-
श्री सूचना तथा प्रविधि शाखा
दमक नगर कार्यपालिकाको कार्यालय
( वेबसाइटमा अपलोड गरिदिनु ।)

..............................
प्रमुख प्रशासकीय अधिकृत